# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

केन्द्रीय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


# प्रेस विज्ञप्ति

१९ असोज, २०७७

## विरोधका कार्यक्रमहरुलाई हिंसात्मक नबनाऊ ।

प्रदेश नं. ५ को स्थायी राजधानी दाङको देउखुरी क्षेत्रलाई बनाउने प्रस्तावको विरोधमा रुपन्देहीमा भइरहेको बन्द, हड्ताल तथा प्रदर्शनका क्रममा आन्दोलनरत पक्षबाट सरकारी सवारी साधनहरुमाथि भएको आगजनी तथा तोडफोडप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ । आयोगको प्रदेश कार्यालय बुटवलले घटनाका सम्बन्धमा अनुगमन गरिरहेको छ ।

अनुगमनका क्रममा तिलोत्तमा नगरपालिकामा कार्यरत एक राष्ट्रसेवक कर्मचारीको सवारीसाधन तथा निजका व्यक्तिगत सरसामानहरु समेत जलाइएको, प्रदेशका मुख्यमन्त्री चढेको गाडी तथा अन्यसरकारी सवारी साधनहरुमा समेत ढुंगामुढा, तोडफोड तथा आगजनी गरिएको पाइएको छ । बन्दको कारण रुपन्देही र आसपासका जिल्लाहरुमा बिरामी, वृद्ध, गर्भवती महिला, श्रमिकलगायत आमनागरिकहरुको आवागमन तथा दैनिक जीवनमा कठिनाई उत्पन्न भएको पाइएको छ ।

असहमतिका कुनै पनि विषयमा शान्तिपूर्णरुपमा विरोध तथा प्रदर्शन गर्न पाउने हक प्रत्येक नागरिकलाई भए तापनि आगजनी, तोडफोड जस्ता कार्यहरु कुनै पनि दृष्टिकोणबाट उचित हुँदैनन् । अतःविरोधका कार्यक्रमरुलाई हिंसात्मक नबनाई संयमित र शान्तिपूर्ण रुपमा अगाडि बढाउन तथा आफ्ना असहमतिका विषयहरुको वार्ता र संवादको माध्यमबाटै समाधान खोज्न आयोग आन्दोलनरत पक्षलाई आग्रह गर्दछ । साथै, शान्तिपूर्ण रुपमाविरोध प्रदर्शनमा उत्रिएका नागरिकहरुमाथि मर्यादित र संयमित व्यवहार गर्न पनि आयोग स्थानीय प्रशासनको ध्यानाकर्षण गराउँदछ ।

वेद भट्टराई
सचिव/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618015010015*
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org